मनपंछी



उषा श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनपंछी



उषा श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन पन्छी

उषा अमात्य श्रेष्ठ

Man Panchhi

Usha Shrestha



CC-0. Nepal San

प्रकाशक :
जितेन्द्रलाल श्रेष्ठ
मीनभवन, नयाँबानेश्वर

सर्वाधिकार : लेखकमा
प्रथम सस्करण : १००० प्रति
वि.स. २०५८

मूल्य रू. .....

सज्जा :
मोक्षबहादुर अमात्य

मुद्रकः
नेपाल लिथोग्राफिङ्ग कं. लि.
गोलढुंगा, काठमाडौं
फोन नं. ३५१३९०-३५१३९९

मुख पृष्ठः
श्रीमती देविना मल्ल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिचय

उषा अमात्य श्रेष्ठ

जन्मः तथं चोक, इन्द्रचोक २५ वडा (मार्ग महिना)

लेखनः विद्यालय जीवनदेखि

पिताः कृष्णबहादुर अमात्य

माताः विणादेवी अमात्य

पतिः जितेन्द्रलाल श्रेष्ठ

छोराहरूः आशिष श्रेष्ठ, शैशव श्रेष्ठ

शिक्षाः पि. एच. डि. (अर्थशास्त्र)

रुचीः लेखन, संगीत, समाज सेवा एवं शैक्षिक विकास

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमप्रति कविको आफ्नै अन्तर्दृष्टि

कवि श्रीमती उषा श्रेष्ठको "मन पन्छी" प्रेमकाब्य हो । यो अञ्जना र अमोघको कथामा आधारित छ । यसमा तिनको कथावस्तुको आख्यानभन्दा प्रेमतत्वको आख्यान बढी प्रभावशाली बनेको छ । कविको **मन पन्छी** चिन्तनको गगनमा बढी उडान भर्छ र कथाको शाखामा थोरैबेर मात्र विश्राम गर्छ । स्रष्टाहरू प्रेमलाई अनुभूतिमात्र गर्दैनन् र त्यहाँ सत्यको प्रतीति पनि पाउँछन् । उनीहरू अनुभूतिलाई भोग्छन् पनि र साक्षिभावले देख्छन् पनि । कवि उषा श्रेष्ठ पनि आफ्नै प्रेमको उल्लासमा कता कता शाश्वत प्रेमको आभास पाउँछिन् । प्रेम के हो यो किन उत्पन्न हुन्छ र कसैमाथि किन बस्छ ? यस्ता प्रश्नहरूको कुनै उत्तर पाइन्न । यिनले त बालकको मनमा जस्तै हाम्रो मनमा विस्मय जगाउँछन् र प्रेमलाई बढी विस्तारमा अनुभूति गर्न लगाउँछन् । यस्ता प्रश्नको उत्तर तर्कले दिन सक्तैन र दिए पनि हाम्रो चित्त बुझ्दैन । यसको उत्तर बरु कविता र कलाले दिन्छन् । प्रेमको रहस्यजस्तै विश्वसृष्टिको रहस्य पनि कविता र कलाविना बुझ्न सकिदैन । एक वैदिक ऋषि विश्वस्रष्टालाई तरलित विश्वसौन्दर्यमा बहँदै विश्वप्रेमको वीणा बजाउने कविको रूपमा देख्छन् - कारुं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभ्रत् पुरुस्पृहम् । उपनिषद्का एक ऋषि आत्मालाई प्रेममय मान्दै भन्छन् - **आत्मनस्तु कामाय सर्वः प्रियो भवति** । आत्मा प्रेममय छ - प्रेमले ने प्रेमलाई खोज्छ। प्रेमको आविर्भाव आत्माको आविर्भाव हो । जसरी आत्मा किन हामीभित्र प्रकट हुन्छ भन्न सकिन्न, त्यसरी नै हामीभित्र प्रेम कसरी प्रकट हुन्छ भन्न सकिन्न । त्यो आकस्मिक हैन नियमित हो । ऋतुको बाह्य नियमजस्तै मुटुको पनि आफ्नै आन्तरिक नियम हुन्छ । त्यही नियममा समयचक्र चल्छ र त्यही नियममा हृदयचक्र पनि चल्छ। यही प्रेमको नियममा नै एक कण अर्को कणतिर आकर्षित हुन्छ। यसैलाई प्राचीन कलाकारहरूले शिवपार्वतीको नृत्यको रूपमा देखेर दुई ज्यान, एक प्राणको रूपमा अर्धनारीश्वरको चित्र लेखे । लीला नै प्रेमको नियम हो । वैष्णव कविहरूको राधा र कृष्णको प्रेमनृत्यलाई रासलीला भने। कवि उषा श्रेष्ठले प्रेमलाई अनेक आयामबाट हेरेकी छन् । जताबाट हेरे पनि यसलाई एक शाश्वत सत्यको रूपमा देखेकी छन् र प्रेम प्रतिको आफ्नो अन्तर्दृष्टिलाई मनोहर शैलीमा विशदरूपमा वर्णन गरेकी छिन् । उनी यो काव्यको प्रारम्भ नै प्रथम प्रेमको प्रारम्भबाट गर्छिन् । जति जति प्रेम बढ्दै जान्छ र परीक्षामा परेर परिपक्व बन्दै जान्छ, त्यति त्यति नै प्रेमप्रति उनको अन्तर्दृष्टि उद्घाटित हुँदै जान्छ ।

यस काव्यको 'वय बैंसको द्वार किशोरपना इन्द्रेनी रोटे पीङमा मन चहचह गर्दछ रे' देखि 'घटना हजारैं कथामा एउटै समान' सम्मको वाक्यांश र 'पञ्चतत्वको प्रदत्त जीवन धारा' देखि र 'यही अभिव्यक्ति अनायासै तरङ्गित छ प्रेममय पथगामी' सम्मको काव्यांश पढ्दा कविले प्रेमतत्वलाई आफ्नै प्रकारले साक्षात्कार गरेर काव्यमा उतारेको तथ्य थाह हुन्छ । उनी भाव जगतलाई मनुष्यको निम्ति सत्य मान्छिन् र आभ्यन्तर

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection.

प्रेमलाई अमर र त्यसको प्रगाढ अनुभूतिलाई नै ब्रह्मानन्द मान्दछिन् । 'स्वर्ग के हो बादलपारि छ रे' प्रथम पङ्तिबाट काव्य थालेर उनी आखिर काव्यको उत्कर्षमा आइपुग्दा यसो भनेर विश्राम लिन्छिन्–

...स्वर्ग होस् वा नहोस् केही थाह छैन
तर स्वर्गीय आनन्द अन्त कतै छैन, छैन
प्रेमानन्दभन्दा अरू स्वर्गानन्द कतै छैन, छैन
जन्मजन्मान्तरका साथ प्रेम सबको बनिरहोस्

कविमा भावनाको तरलता र आत्मबोध सँगसँगै बढ्दै जाऊन, यिनै शाब्दका साथ उषाजीप्रति शुभाशीष् प्रदान गर्दछु ।

(माधव घिमिरे)

...Nepal Sanskrit Academy, Kathmandu...

मनपन्छीकी उषा

कवयित्री उषा श्रेष्ठद्वारा लिखित मनपन्छी (२०५८) प्रेमको विषयमा केन्द्रित भएको एउटा संक्षिप्त कथात्मक कविता वा काव्य हो। उहाँले अमोघ र अञ्जना नामक दुई सरल हृदय भएका युवा, युवतीलाई पात्र बनाएर तिनीहरूको हार्दिक प्रेमको चित्रण गर्दै प्रस्तुत काव्यको रचना गर्नु भएको देखिन्छ। विश्व साहित्यमा प्रेमको चित्रण पुरुष कविहरूद्वारा नै हुँदै आएको भए पनि फाट्टफुट्ट उदाएका स्त्री कविहरूद्वारा यसको जुन किसिमको चित्रण भएको छ त्यो आफ्नै किसिमको विशेषताले युक्त भएको छ र यस कारण पठनीय छ। मनपन्छी हेर्ना साथै यो प्रत्यक्ष हुन्छ कि कृतिमा नारी सुलभ हार्दिकता छ, कोमलता छ, भावनाको मधुर तरङ्ग छ र यिनैले अमोघ जस्तो पुरुष पात्र पनि रँगिएको देखा पर्छ। नारीलेखनमा पुरुष पात्र कस्तो हुन्छ भन्ने थाह पाउन हामी उषा श्रेष्ठद्वारा सिर्जित अमोघमा दृष्टि दिन सक्छौं। अमोघ पुरुष पात्र हो- नारीले कल्पना गरेको, नारीले उभ्याएको, नारीको सिर्जना। यसैले त्यो पुरुष लेखकको सिर्जनामा आउने पात्र भन्दा हामीलाई किञ्चित् भिन्न जस्तो प्रतीत हुन्छ र यस रूपमा त्यो अझ हाम्रो आकर्षणको परिधिमा पर्दछ।

कला तथा साहित्यमा नारीलाई राखेर पुरुषहरूले नाम कमाएका छन्। कतिसम्म भने धनी लेखकहरू गरिब पात्र राख्दछन् र आफूलाई तिनको समर्थक भएको भ्रम पनि दिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताज महलका निर्माता पुरुष साहजहाँ मानिए, त्यसका कालीगडहरू र वास्तुकारहरूलाई हामीले वेवास्ता गरेका छौं। अब समय आएको छ, नारी लेखकहरू पुरुष पात्र राखून् र आफ्नो नाम पुरुष लेखकले झैं चर्चित बनाऊन्। अमोघ उषा श्रेष्ठलाई चर्चित बनाउला वा न बनाउला तर कतिचाहिं निश्चित छ भने अमोघमा नारी लेखकको छाप भने सूक्ष्म तवरले रहेको छ, ऊ अञ्जना झैं छटपटिन्छ, अञ्जना झैं पीडित अनुभव गर्छ, उसमा कुनै पौरुष कठोरता प्रतिविम्बित भए झैं लाग्दैन, ऊ नारी झैं सहिष्णु, शान्तिप्रिय, अन्तर्मुखी छ र विपत्तिमा भित्र भित्र रुन्छ, सम्पत्तिमा प्रफुल्ल बन्छ। ऊ मनभित्र समृद्ध छ, बाहिर आक्रामक प्रदर्शनकारिताले शून्य।

यो हो कि उषा श्रेष्ठको रचना अन्तर्गत भाषिक संयोजनमा केही ऋणात्मकता छ त हार्दिक राग र तरलताले सिञ्चित उष्णताको गुणात्मकता पनि छ। नारी लेखकका निम्ति, यो निश्चित हो कि, प्रेमको विषय निकै सुहाउँदो हुन सक्छ र श्रेष्ठले आफू सुहाउँदो विषयको चयन गरेको प्रत्यक्ष हुन्छ। ठूला लेखकहरू पनि कुनै कुनै कृतिमा विषय छान्न न जानेर असफल भएका देखिन्छन् भने विकासोन्मुख लेखकहरू पनि विषय चयनको कुशलताले सफलताको सिँढीमा माथि उक्लन सक्छन्। मनपन्छी पढनासाथै एउटा के कुरा प्रत्यक्ष भइहाल्छ भने यस कृतिमा श्रेष्ठले विषयको चयन गर्न जान्नु भएछ – प्रेमको सामाजिक विषयको चयन। यस्तो लाग्छ, उहाँले आफ्नै अनुभव क्षेत्रबाट विषय लिनु भएको छ र त्यसलाई याथार्थिक चित्रले रँगाइदिनु भएको छ। कृतिमा धर्तीको यथार्थबाट सत्यम्, शिवम्, सुन्दरम्‌ले अनुप्राणित उच्चतर आदर्श प्राप्त गर्ने उहाँको अभीष्टता छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काव्यमा अमोघ र अञ्जना बीच जुन प्रेम हुन्छ त्यसमा अञ्जनाका दाजुभाउजूको षड्यन्त्रले केही समय व्यवधान उत्पन्न हुन्छ। जोडीको प्रणयसरिताको मसिनो प्रवाहलाई चुँडाल्न शिखाले पनि गर्नु कोसिस गरी तर कसैको केही लाग्दैन। प्रेमको विजय हुँदै जाने स्थिति बन्छ। हो, हामी चाहन्छौँ, सत्य जितोस्, असत्य हारोस्, अन्धकार नष्ट होस्, प्रकाश जगमागाओस्, यही मानवीय, महान् आदर्शको अभिव्यक्तिका निम्ति श्रेष्ठले प्रस्तुत काव्यको प्रणयन गर्नु भएको हो। प्रेमको विषयको एउटा आफ्नै सूत्र छ : प्रेम, विरह, व्यवधान संयोग वा वियोग आदि। यिनीहरूले न खारिएको प्रेम परिपक्व हुन सक्तैन। प्रेमका चित्रकारहरू, यसैले, त्यसमा विरह र व्यवधानका तिक्त कुराहरू राख्छन् र यसलाई खार्छन्। श्रेष्ठमां प्रेमलाई कसरी उजिल्याउँदै, खार्दै र तिखार्दै लैजाने भन्ने सिप विद्यमान भएकाले उहाँ प्रेमका विभिन्न सिँढीमा चढ्नु भएको छ र यसलाई प्रबलतर बनाउँदै लैजाने कलाको प्रदर्शनमा केही हदसम्म सफल हुनु भएको छ।

यौवनमा पदार्पण गरेपछि मान्छेको मन विपरीत लिङ्ग प्रति आकृष्ट हुन्छ र उड्न थाल्छ। जसरी पक्षीका बच्चाहरू हुर्केपछि आफ्ना गुँड छाड्छन् र आकाशमा स्वच्छन्द विचरणको मजा लिन्छन् त्यसैगरी यौवनको पखेटा लागेको मन प्रेमी वा प्रेमिकाको कल्पना लिएर उड्दछ। अञ्जनाको मन अमोघ कहाँ उडेर पुग्छ, अमोघको अञ्जना कहाँ।

भाउजू चाहन्छिन् अञ्जनालाई आफ्नै मान्छेको हातमा पारिदिन। यस उद्देश्यका निम्ति दाजु उसलाई मावली पुऱ्याउँछन् र अमोघबाट अलग्याँछन्। यता अमोघ छटपटिन्छ, उता अञ्जना घायल हुन्छे। दुबै विरामी हुन्छन्। तर अञ्जना ज्यादा रुग्ण हुन्छे र प्रभाको सहानुभूति पाएर उपचार गृहमा पुऱ्याइन्छे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमोघ र अञ्जना अहिले आफूलाई प्रेमपाशमा फसिसकेको थाह पाउँछन र यसका व्यथा र वेदनाको चक्करमा फस्छन्। अञ्जना कस्ती थिई ? थोरै शब्दमै लेखिकाले उसलाई चित्रण दिनु भएको छ :

फरासिली थिई कोमल भावनाकी
सहज सागी साथी बनाइलिन्थी

जात न मिल्ने, चरित्र न भएकी भन्ने देखाई व्यवधान खडा गरिन्छ। आमा छोरासित प्रश्न गर्छिन् बाबु पत्नीलाई घच्घच्याउँछन्। अमोघ विचलित हुँदैन, प्रेममा अट्ल बस्छ। अञ्जना पनि प्रेमलाई बदल्न चाहन्न। ऊ अमोघलाई मनमा राख्छे, दाजुभाउजूको षड्यन्त्रमा मन परिवर्तन गर्दिन। प्रेम आफ्नो गरिमाको प्रदर्शन गर्दछ, सच्चा प्रेमीलाई विजयश्रीको माला पहिराउन चाहन्छ। प्रेमका दृष्टिले अमोघ-अञ्जना दुबै दह्रा छन्। उनीहरू खुट्टा कपाउँदैनन्, प्रेमीहरूले प्रेममा परिआए सहिद हुन सक्नु पर्छ, धोका दिनु हुँदैन, प्रेममा अड्नु सत्यको हिमायती हुनु हो, सृष्टिको श्रेष्ठ नियमको अनुसरण गर्नु हो। प्रकृतिको महत्तर मूल्य प्रेममा प्रस्फुटित हुन्छ जसलाई हामी अमोघअञ्जनाको सङ्घर्ष मार्फत अनुभव गर्दछौं।

उषा श्रेष्ठ प्रेमलाई दार्शनिक आँखाले हेर्न चाहनु हुन्छ। उहाँ प्रेमलाई पवित्र, स्वच्छ र निर्मल राख्न चाहनु हुन्छ। वासनामा, स्वार्थमा, भौतिकतामा प्रेमलाई हेर्नु यसको निम्न तहलाई स्पर्श गर्नु मात्र हो। प्रेम त आध्यात्मिक हुन्छ, आफ्नो स्तरीय रूपमा यो वासनाबाट माथि उठ्दछ, भौतिक तहको अतिक्रमण गर्दछ, आत्मिक सूक्ष्मता ओगटेर स्थायित्व ग्रहण गर्दछ। दुबै प्रेमीका बीच आत्मिक प्रेम छ। प्रेमका विषयमा कवयित्री भन्नु हुन्छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चतत्वको प्रदत्त जीवनधारा
अनि प्रणयका अविरल नव रश्मि प्रवाह
सत्य, तप, योग र लीलाको आवद्ध थाह
शिव र शक्तिको सम्पूर्णता अथाह
अभिभूत छ धारा शुष्कता पन्छाई
रसै रसका अविरल सुधा वर्षाई

सच्चा प्रेमको आगो जहाँ वल्छ त्यसको रापले अधर्मीहरू पग्लेर परिवर्तित हुन्छन्, स्वार्थीहरू बदलिन्छन्, दाजुभाउजूहरू परिवर्तित हुन्छन् । आफ्नो अव्यर्थ प्रेमद्वारा सावित्रीले यमराजमाथि विजय गरिन्, अग्निमा समाहित भएर पनि .सीताले आफ्नो निष्कलङ्क जीवनलाई कायमै राखिन् । अमोघ र अञ्जनाको प्रेम त्यस्तो छ जुन अडिग छ, चुडिन सक्तैन, धर्ती कम्पमान हुन सक्छ, डाँडाकाँडा गिर्न सक्छन्, समुद्र सुक्न सक्छ तर सच्चा प्रेमी अमोघ र अञ्जनाको प्रेम न विकृत हुन सक्छ, न खण्डित हुन सक्छ, न त त्रुटित नै हुन सक्तछ । कहिले त सच्चा प्रेमले कस्तै दुर्जनलाई पनि परास्त गर्न सक्छ भन्ने खास किसिमको दर्शन अँगालेर यस कृतिको रचना भएको हो । हुन त नगरकोटमा दुष्टहरूको आक्रमणले पागलवत् भएको एउटा प्रेमी उभ्याइएको छ, र उसको पराजित स्थिति देखाइएको छ र कतिपय स्थितिमा प्रेमको, धर्मको, न्यायको विजय हुदैन भन्ने अर्को पक्ष पनि राखिएको छ तर पनि महान् प्रेमको विजय होस् भन्ने शुभेच्छा लिएर मनपन्छी निर्मित भएको देखिन्छ ।

प्रेममा जब अवरोध ठड्याइन्छ तब यसको त्रासदीमा परेर प्रेमीहरू अर्ध पागल सम्म हुन पुग्छन्, समाजबाट टाढिन्छन् । लेखिकाले नगरकोटमा एक त्यस्तो प्रेमीलाई उभ्याउनु भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ जो सुलोचनाको अनङ्ग झैं समाज भन्दा पर प्राकृतिक क्षेत्रमा घुम्दछ । उसमाथि आक्रमण भयो । प्रेमिकाबाट ऊ वञ्चित गरियो, यसैले ऊ अर्द्धसिल्ली झैं भएर घुमिरहेछ ।

लेखिकाको भनाइ के छ भने अहिले उग्र भौतिकताको आगो दन्किरहेछ । केवल भौतिकताको अवलम्बनले हामी उठ्न सक्तैनौं । सृष्टिको मूल रहस्य प्रेममा केन्द्रित छ, सच्चा प्रेम जहाँ छ त्यहाँ कयौंले नतमस्तक हुन वाध्य हुनु पर्दछ । यो हो कि कतिले प्रेम गरेर पराजित हुनु परेको छ तर प्रेमीलाई परास्त गरी राम्रो हुन्छ भने ठान्नु गलत छ । उषा श्रेष्ठ प्रेम सच्चा हुनु पर्छ भन्नु हुन्छ र यसमा युवायुवतीले खुट्टा छाड्नु हुँदैन भन्ने मान्नु हुन्छ । फुटकर कविताको स्तरबाट लेखिका खण्डकाव्यको लघुरूपमा अथवा त्यसको नजिकमा आउनु भएको छ र विधागत स्तरमा आफूलाई परिवर्तित गर्ने रहरको दृष्टान्त राख्न उद्यत हुनु हुन्छ । लेखिकाका कविता लयात्मक, भावात्मक, कतिपय विम्ब तथा चित्रहरूले सुसज्जित, चिल्ला तथा हृदयस्पर्शी हुन्छन् । उहाँको कलम निरन्तर उर्वर हुँदै जाओस् र सशक्त सिर्जनाको रमझमले नेपाली कविता साहित्यलाई आकर्षक बनाओस् ।

कृष्ण गौतम

(कृष्ण गौतम)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो कुरा

मन पन्छी दोस्रो सौगातको रूपमा अर्पण गर्दैछु । प्रेम जीवनमय छ, प्रेम विना शून्य शून्य छ जीवन । प्रेमको परिधि अनन्त छ, अगम्य छ, वात्सल्य, दाम्पत्य, भ्रातृत्व, सामाजिक सम्बन्ध आदि प्रेमका अनेक खुडकिलाहरू चढिन्छन्, ओर्लिइन्छन् । तिनको रङ्ग स्मृतिमा पोतेरै जीवन स्फूर्त र मृत दुबै बन्न सक्छ । परिणतिमा जे सुकै भए पनि प्रत्येक खुड्किलामा प्रेमको रङ्ग चढाएर जीवन आफ्नो यात्रामा बढी नै रहेको हुन्छ । मन पन्छी पनि एउटा रङ्ग मञ्चको छेउकुना हो । प्रेमको यस कुनालाई कति भर्न सकें, यसमा रङ्ग छर्न सकें, यसको लेखा जोखा त यहाँहरूबाट हुने नै छ । यसबारे यति नै .....

यस पटक यसबारे आफ्नो अमूल्य शब्दभाव पोखिदिनु हुने श्रद्धेय कविवर माधव घिमिरेज्यू तथा साहित्यकार श्रद्धेय श्री कृष्ण गौतमज्यू प्रति आभार दोहऱ्याएर आवरणले सजाइदिने सहोदर बहिनी देविना मल्लमा धन्यवाद ज्ञापन गर्दै यसको प्रकाशनमा सहयोग पुऱ्याउने सबैमा कृतज्ञता ज्ञापन गर्दै सबै पाठक वर्गमा यो मन पन्छी समर्पण गर्दछु ।

अन्तमा मुद्राराक्षसको प्रवेश प्रति क्षमायाचना पनि गर्दछु ।

उषा श्रेष्ठ

(उषा श्रेष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

मन पन्छी

स्वर्ग के हो बादल पारि छ रे !
कल्पनाविमानमा राखिलैजान्छ रे !
साँच्ची त भन्ने नै हो भने
स्वर्ग कतै छ नै भने
कुनै ईश्वर वासस्थल कतै छ भने
त्यो बालापनमा छ, त्यो स्नेहपथमा छ
प्रेमका नव रसको तरंगमा छ
भाव आकाशको विशालतालाई ओगटेर
चिर्दै कालो रात जुन ताराले
स्निघ्न मधुर उज्यालो छर्दामा छ
अब कहाँ पाउँ त्यो दिन फिर्दैन,
मात्र छ, मुटुमा कोरिएको,
नानीहरूका नानीमा झुल्कन्छ,
म अलपक चियाई हेरिरहन्छु
आफ्नै गाथासँग मिल्ने चलचित्र सरि ती निर्दोष,

CC-0. Nepal Sanskrit Academy [redacted] Collection

निर्बोध आँखामा कल्पेर हेरिरहन्छु
वय बैंशका द्वार, किशोरपना इन्द्रेणी रोटेपिङ्गमा
मन चह चह गर्दछ रे !
प्वांख हाली दुर गगनमा माथि माथिसम्म
कावा खाँदै कल्पनाप्रदेश घुम्दछ रे !
कविता फक्रन्छ यही बेला वसन्त अझै मन
कमलो माटोमा भावनाका टुसाँका बिउ छर्दछ रे !
बिउ छर्दा छर्दै नराखी कांढाका बिउ पनि आफैं
मिसाई, बिसाइ उड्दैछ रे !

चलिरहन्छ समयचक्र कसैले रोकेर रोकिन्न
वयक्रम थाहै नपाई बैश वसन्त जिन्दगीको
नाम पहिरेर नाना भांतिका रङ्ग भर्दछ
वसन्त नै हो बैंश हो कि हैन
हजारमा एकको भाग्य पोल्टामा आएर खस्दछ
बाँकी अरूको यो वयमा
ग्रीष्मको प्रचण्ड तापभन्दा भित्र भित्रै तापले गाल्दछ
नाना झञ्झावात र समस्याका तुसाराहरूले
थर थर कँपाई जिन्दगी हल्लाई रहेकै हुन्छ
आफन्तहरू बीच अर्कै आफन्त थप्ने रहरमा
प्रकृति प्रदत्त प्यासमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफैलाई गुमाउँदै जान थाल्दछ
आफुलाई गलाई बहाएर रम्न खोज्दछ
चासो अरूमा बढाएर
आफ्नै भावनाको कोमल गुदी फुटाउन पनि
प्रलयको शक्ति समेट्न पऱ्या जस्तै हुन्छ
आफ्नै पौरख जति छरे पनि चाहनाको मुहार
सम्झी पहरामा पहिरो सरि आफैंलाई बिर्सने हुन्छ
.....कहाँ हरायो त्यो चमक, टल्किदा ती आँखा
जो आत्मविश्वास अनि आस्थाको ज्योति छर्कन्छन्
खाइलाग्दा मुहारमा क्षण क्षण के के रङ्ग
पोतिएर साउनभदौ चढिंदो छ
हिमशैलबीच झैं सलल बग्दो स्वप्न
निरन्तर बहिरहन्छ लक्ष्य मनको टिप्न
पाइला पाइलामा बिजुली चपल चाल छ यत्न
यत्न बैंशको हो सजेको छ सप्तरङ्गी स्वप्न
जीवन सिंढीहरू बीचको वसन्त यही कहिन्छ
वसन्तका बेलामा
स्वप्नफूल मनबागमा अनेक फुल्दछ
मस्तिष्क अनि इन्द्रिय बागमा रङ्ग मात्र हैन
सुवास अनेक अनेक खिच्दछ
फूल झुले, आफैं झुलेर नाच्ने गर्दछ

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection.

काबुमा हुन्न मनपंख पखेरु झैँ
यता उति डुल्दै डुल्दै दुर गगन चहार्दछ
प्रकृति खेल्दछ लीला अनौठो
खेलौनासरि जीवमा
निरन्तरताका लागि मनमा भाव
अनौठो अनौठो बसाई यात्रामा निरन्तर
मन वशीकरण पारी हिंडाउँछ
वसन्तपुत्र, कामदेव
नाम मिल्यो अरू के के नाम मिले
तपस्वी शिवको स्थिरतामा
चपलता ल्याएर भष्म भएर पनि
प्राण प्रकृतिमा, वायुकण कणमा छ अमरता
रति रानीको विरह वरदानमा बदलियो
प्रकृतिमय प्राणीका अन्तस्थलका
चालक बनी ती रहे
यसैको निरन्तरताको एक कण
हजारमा बिझाई वियोग बाण
वसन्त पोल्टामा प्रेम हाल्दछ किन
घोर पक्षपात गरी घाइते तुल्याई
छुटाउछ कमान
यस्तै हो यो एक प्रमाण

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युग बदलियो समयको फेरोमा
घुमाई घुमाई परिभाषा प्रेम तान
गुञ्जने गर्दछ घन्कने गर्दछ समान
पात्र फेरिने गर्दछ उस्तै उस्तै कथा बन्ने गर्दछ
नजिकमा देखिने दुई चार तर घट्दै गर्दछ
घटना हजारौंमा कथा एउटै समान

सामु छ आज समीपमा माध्यम एक *अमोघ* नामका
सँगाती रहेछन् अध्ययनशालामा सङ्गति रहेका
सौन्दर्यसरोवरमा कमलसरि फक्रेकी रहिछन्
अन्जना अनौठो गम्भीर स्वभावले
सबैलाई खिच्दी रहिछन
मन भित्र कुनै कुरा नराखी सरलतामा
सबसँग भिज्दी रहिछन्
यही बानीले गर्दा गलत सोच बनाई
मित्रताभन्दा अर्थोक बढन खोज्दो रहेछ
स्वच्छन्दतामा हात बढाई चित्र राख्न
सबको बाटो रोज्दो रहेछ
समयको फेरो, वातावरणको घेरो
जे छ आखिर ढल्किने वानी नै त हो त्यो
अर्थको अनर्थ सोचाइ झिकाउने पाठशाला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

खुल्ला विद्युतीय संचारको हो यो
यही बानी जानी सन्तुलनको सौन्दर्य
सद्विचार माथि श्रद्धामा
झुक्ने थिए पनि कोही कोही
ती कोहीमा थिए *अमोघ* पनि पवित्र
भावनामा अन्जना प्रति झुकेका
दिन यस्तो जुर्न गयो यस्तै यस्तै
अन्जना देखा परिनन् साता दुईसम्म
मस्तिष्कका द्वारमा
अचानक कपाट खुल्ला भयो
खालीखालीपनमा केही कुरा पसेर
झट्का पर्न गयो
काबुमा रहेन विचार द्वन्दमा परे मन, मस्तिष्क
उनकै बारेमा सोचाइ यतिविधि कहिल्यै बढेन
वर्षौं वर्षको सँगातीमा
उनकै बारेमा यस्तो केही भएन
कुन्नि कहिले विउ छरिएछ मनले चालै नपाई
आज पलाएछ अचानक बोट बनेर देखा पऱ्यो
आफै भित्र आफैंलाई गिज्याई
के छ उसमा मन रिझिएछ
केमा छुट्याउनै नपाई

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छाती भित्रको हलचल कोलाहल
मस्तकद्वार ढकढक्याई
मात्र अन्जना ! अन्जना !! नाम लिई रहेछ बोलाई
पोल्दछ छाती मुहार सामु आई
सुस्केरा उठ्छ चालै नपाई
सायद प्रेम अङ्कुर अनायसै फुटेको छ,

बिछोडले उर्लेर
अन्तरको मन बाह्यान्तरमा बहाएको छ
निंद छदै छैन, पलपल निंदमा झुल्दा पनि
स्वप्नमा पनि नाम उनकै लिएर रोएको
पोल्दछ मुटु, बढदो छ ढुकढुकी बेस्सरी
गति यो अगति तुल्याउने हावाले कसरी छोइएछ
गति यो अति नै चढदो भो
वशमा पनि सकिएन मति
मेरो हालत झैं उनलाई पनि यस्तै भयो कि ?
उकुस मुकुस छ अदृश्य बन्धन
फोइदिने यहाँ कोही छैन

यस्तै यस्तै छट्पटीमा वित्दो छ दिन रात
जतिसुकै जहाँसुकै यताउता अल्मलिए पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तान्दछ अनौठो ढंगले आँत
लागेको हुनाले पथ उनकै हेरेर लहस्सिन्छ आँखा
परपर र चारैतिर प्रतीक्षा प्रपात
नंजानी, नजानी छातीमा पुग्दछ
मुसारी मुसारी दिल खोज्दछ हात
एक मन त भन्छ निष्ठुर पत्थर दिल सायद
कतै कसैसँग मस्तीमा लहसिदै मार्दो हो बात
सहनै सकिएन सायद एक झलक
झुलुक्कै भए पनि देख्न पाए हुन्थ्यो
एक वचन दौडेर आई मीठो
तिम्रो जस्तै हाल सुन्न पाए हुन्थ्यो
आगो सल्केको एकतिर मात्र त हैन कि ?
आज रोगको साथमा याद पाएमा लिएरै बसेकी
एकान्त यो ओछ्यानमा अमोघ छ
निरन्तर सोचाइमा
कोल्टो यता फेरे पनि अमोघ छ
उता फेरे पनि उही नाम तर्कनामा
संमीपमा यतिका दिन साथ रह्यो,
बात भयो, पलाएन यस्तो भाव, विचारमा
सम्झना यतिसंगमा तर
आकृति कति दुर यो

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के कस्तो घटना हो आफ्नै अन्तरमा
पतझडमा सुकेको पात झैं
अहिले झर्ला कि पलछिन पछि झर्ला
हावाले चस्स छोइएर,
फोइएर दुर दुर यो मुटु पुगिजाला
घेर्दछ घरि घरि कतै
फुत्किन खोजेर पनि अल्झिने चाला
बिन्दु यता सर्दछ उता सर्दछ
आखिरमा आई चुम्बककै घेरामा पर्दछ
उफ ! यो शरीरको अस्वस्थताले
भित्रभित्र पनि जर्जर पार्दछ
सबलताले सायद रोकियो,
छोपियो आज निर्बलतामा पोखियो पोखियो
लाग्दो रहेछ प्रणयछाप मुटुभित्र
जान्दै नजानी भित्र रहस्यमय विचित्र
आफैंलाई अलपक चियाई के के खोज्दैछ
आज मेरो आफ्नो आफ्नै भित्र
देखियो, यतिका वर्ष,
भेटियो कुरा पनि भए कैयन चोटि
अनेक तर प्रकट भएन यस्तो भावयत्न
आज कहाँबाट वर्षाएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

कहाँबाट भित्रैसम्म छोइएर
पुगियो मुटु भित्रै भेट्न
अलमल हेराइ आफ्नो शुन्य बीच
एक्कासी कोरिएछ मुटुमै नाम अमोघ
चाल पाइयो आज
मात्र यो पाउनुले मेरो म खोज्दैछ
सोच्दै छ के के म भित्र
परिचयको शुन्यमा ध्वनित यो गुञ्जन,
यो कम्पन रहस्य देखियो विचित्र
प्रश्न माथि प्रश्न केन्द्रित
प्रत्येक प्रश्नको उत्तर
प्रतिध्वनित प्रश्नै मात्र
केन्द्रित उनलाई
वशीकरण झैं भो केन्द्रीत
कहाँ कहाँबाट खिचेर यहाँ पुगियो
होस बेहोसमै बाहिर भित्र
आज रोगी हुन पुगियो
बिसेक होला केही दिन मै
यो पीडा त अभ्यन्तरको औषध
कहाँ रे पाइयो !
पाच्य, अपाच्य खाद्य कुन खाँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दबिंदो हो यो रोगको निदान
कुन साधन के हो साथ
अनायसै फुटेको छ
ज्वार वेदनाको अधीर पनि दुबैतर्फ देख्दा,
सुन्दामा विचित्र
सायद प्रीतिको पाइला हो
जनम पूर्वजन्मदेखिनै उर्लिएको
सायद लिदै छु तिनकै ढुकढुकी
सुन्नमा पनि अर्को जनम अहिलेको
उफ !
भनिन्छ अथाह छ यो संसार
तर थाह पाइनसक्नु छ आफ्नै जीवनधार
झुक्दैछ मन, नझुकुँ भन्दा भन्दै वशमा छैन तन
आफ्नो आफ्नो भन्दै मन
एउटै आफ्नो हुँदो रहेछ पराया धन
उर्लिदो छ भाव सररर लिएर छाल पार
त्यै छालमा उक्लदै, ओर्लदै
जिन्दगी हिड्दो रहेछ विना मझधार
मेघ कालो सदा आकाश छाएरै बस्दो हो त
आकाश त्यो सायद आकाशै रहन्न
गहिरो नीलो सेतो सरर बहेको हुनु पर्दछ

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

घाम पनि चाहिन्छ, पानी पनि चाहिन्छ
जिन्दगी एउटा खुल्ला आकाश हो
जिन्दगी एउटा खुल्ला किताब हो
आकाश अनि धरतीको खेलको लडिवुडी
त सारा अनि वातावरण ऋतु मेल हो
यो पछि त्यो, त्यो पछि यो को निरन्तरता
ऋतुहरूको आफ्नो आफ्नो सत्ता
समयान्तर, विषयान्तर घुमिरहन्छ निरन्तर
यही निरन्तरताको क्रमले जिन्दगी पनि
बेग्लाबेग्लै भोगाइहरू भोगिरहन्छ ।
एकनास, एकरूप, निर्विकल्प
ढुङ्गाको पनि हुँदैन भने यो त जीवन भो
सुख पछि दुःख, दुःख पछि सुख निरन्तर
घुम्दो चक्र जीवनको स्वाभाविक रीत भो
महिना दिन बिते पछि
अन्जनाको फेरि प्रवेश भो
अनायासै पाउँदा सामु
अमोघ आँखा मिचीमिची हेर्दो भो
एक अर्काको सामु पर्दा दुबैका
आँखा छछल्किन पुगे
मिलनका हर्षाश्रुबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावै भावमा मुक वाणी
व्यक्त वाणी भन्दा धेरै धेरै गुञ्जित भयो

आधा मुस्कान मिलनको आधा के को कुन्नि
ओठ फर्फराउँदा भित्रको
प्रबल सम्वेग घुम्दोछ फनफनी
मिश्रण वेदना अनि हर्ष आँखा
ओठको बोलाइ आहा मीठो पनि

यो मिठास देख्न पनि आँखा नै चाहिने रहेछ,
भाषा चाहिने रहेछ जान्ने पनि
यो क्षणलाई यन्त्र भए
कैद गरी लिन्थ्यो होला विम्वयन्त्र सबलबाट
पोख्न सक्दिन म तर आफ्नो कलमबाट,
भाव छ व्यक्त गर्न असमर्थ
छैन चलचित्र झैं यन्त्रवत्
दुबै बढेका छन् सुनसानमा
टाढा भएर कोलाहलबाट
विद्युतीय तरङ्ग सरि मुक हेर्दा
भित्र मनसंगबाट चाहिं चल्दो छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

न त प्रेमपत्र तर भावना आत्मसात् छ
त्यो आँखा बोलिरहेछ,
त्यो फर्फराउदो ओठ बोलिरहेछ
टाढा केही पुग्दा ओठ खुले,
वेदना र हर्षको घोल बोलीमा अझै बाँकी छ
भावनाहरू एकै बिन्दुमा अभिव्यञ्जित भए
अभिव्यञ्जित स्वरको नादमा गीत बने
गीतमा, नालमा ताल ठोके पात पातले
बाँस बाँस बजे बाँसुरी झैँ सुरिलो भाकाले
कलरव पन्क्षी पनि नाच्दै गाउँदै खुसीले
अमोघ, अन्जनाको प्रेम लहर तरङ्गित भो आज
दुई नद बेग्ला बेग्लै वग्दा
दोभानमा एक भए आज
सङ्गम पवित्र रहर लाग्दो देख्न पाइयो आज
स्वर्ग कस्तो हुन्छ देख्नमा
आज आँखाले पाए आज
प्रेममय रहेछ जीवनरस,
शुन्य रहेछ प्रेम विना मुत्यु सरि
प्रेम शुन्य हुँदो हो त प्राणी प्राणीका
जीवनलाई मात्र सरापी यो बस्दो हो
प्रेमको व्रतले नै रसपूर्ण बन्धनमा प्राणी

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुसभ्य र सुसंस्कृतका सुरम्य मार्गमा हिडदो हो
अझै आज घेरा तोडन पनि खोजिदै छ यहाँ
जङ्गलबाट बाहिरिएको मान्छे
जंगली युग तर्फ फर्कन उद्यत छ
प्रेमलाई जङ्गल तर्फ घचेट्न मात्र
वासनाको कुमार्गमा उद्दण्ड
बाटोमा घर्सिंदो पनि छ
तर चेतनाको दीप
निभाउन पाएको छैन त्यो हुँकाररूपी हुरीले
सभ्यता र सुसंस्कृतिको जरा सुकेको छैन
यसैले स्वच्छन्दता र स्वतन्त्रताको
खेलौना बन्ने र खेल्ने
प्रणयलाई पहिरन झैं मान्ने
टिकेका छैनन् अक्सर गर्दछन् ती लुक्ने
प्रकृति प्रवृत्त छ *सत्यम्, शिवम्, सुन्दरम*मा
सत्य अडेकै छ प्रेममा
प्रेमले ढिक्का बनाएको छ सबैलाई
त्यै ढिक्कामा फल्दछ, फुल्दछ
जीवनचक्र अनि भावनाका पियुषीय अमृतरस
जड अनि जीवात्मा
सबमा सन्तुलन मिलाएको छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

पुरक सार संगतमा ढालेको छ
जो सत्य छ यही छ सुन्दर यही छ
एक आपसको प्रेम लहरमा
लिनु र दिनु सहज चलेको छ
घृणाले शक्ति हत्याउने पनि हुन्छ
यहाँ तर त्यसले जितेर पनि
हारिरहेकै हुन्छ निरन्तर निरन्तर
शिवम् सन्तुलनको प्रवाहमा
कृत्रिमता क्षणिक टिकेर बहेरै गएको छ
स्वाभाविक शिव जो अडिग रहेर प्रेमधारा
गंगाशिरैबाट नुहेको छ
निरन्तर प्रवाहको प्रतीक रूपमा
पवित्रता, तृप्ति र कञ्चन स्वरूपमा ।

पञ्चतत्वको प्रदत्त जीवनधारा
अनि प्रणयका अविरल नवं रश्मिप्रवाह
सत्य, तप, योग र लीलाको आबद्ध थाह
शिव र शक्तिको सम्पूर्णता अथाह
अभिभूत छ धरा शुष्कता पन्छाई
रसै रसका अविरल सुधा वर्षाई
यही सत्य, यही शिव, यही सुन्दर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्यम्, शिवम्, सुन्दरम्
जो बाह्यान्तरमा देख्दा असुन्दर छ
तर अभ्यन्तरमा ज्योतिर्मय
अलौकिक सुन्दरताले मुग्ध पार्दछ
लट्ठ पारी मोहनी लगाई हाल्दछ
आलोकित जीवनबाग वसन्त छर्दछ
तर विपरीत प्रकृति यदा कदा ल्याउँदछ
सुन्दरता भित्र गहन अन्धकार
बाह्य आकृतिको आधारमा आफैंलाई
उभ्याई बढछ बन्न भौतिकताको शिकार
आध्यात्मिकताको मार्गमा दृढ भएर
अगाडि बढे त्यो दिव्य शक्तिमा ठडिन्छ
अजर, अमर दैवी स्वरूप भै रहिरहन्छ
सत्य यो पनि हो कि
आँखाको नानीले खिच्ने चीज त
पहिला बाहिरकै आकर्षण हुन्छ
अभ्यन्तरको चित्र खिच्न त
निरन्तरको ध्यान केन्द्रित नेत्र चाहिन्छ
बाहिरी सौन्दर्य यहीं निरन्तर लडखडाउँछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफूलाई सुवासित र सुन्दर भन्ने दम्भमा
टिप्न लगाउँछन् र मुर्झाउन
चाडै आफै उद्यत हुन्छन्
र सत्यम्, शिवम्, सुन्दरम्लाई अघोर
रहेछ भन्ने सीमिततामा स्वच्छन्द भई कुर्लन्छन्
प्रणय मात्र बाहचान्तर हो वास्तविकता
प्रणय मात्र अभ्यन्तर हो वास्तविकता
वाहचान्तर, अभ्यन्तरको
सन्तुलन समानान्तर हो
वास्तविक प्रणय पाउनु छ
भने सत्यं, शिवम्, सुन्दरम्मा
उद्दीप्त समर्पणबन्धन प्रेमरश्मिले आलोकित
कोर्दै रेखा आत्म नियन्त्रण गर्दै इन्द्रियनिश्चित
सत्य आलोक अजम्वरी जन्म जन्मको बन्धन
फुल्ने फुल झरिगए पनि,
बोटमै ओइलाए पनि
सौंदर्य त्यो फूलको हृदयमा बास बसे सरि
सुगन्ध त्यो फूलको मनमा अल्झिए सरि
बन्धन रूपको, बन्धन वर्षको,
बन्धन क्षणको सबै कट्दै काट्दै
आलोकमय प्रणय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी अजर अमर स्वरूपमा गाँसियून् र रहिरहुन
यही प्रणय सत्य हो,
यही प्रणय सुन्दर हो,
यही प्रणय शिव हो
यही सुन्दरतम जिन्दगी जिउन
यही शिवत्वको भेउ थेग्न
सफल रहोस् अविचलित अटल रहोस्
विडम्बनादेखि टाढा टाढा रहेर
आडम्बरको विषम वस्तु नरहेर
विशुद्ध प्रेम अजर अमर रहोस्
प्रणय भोगको नाममा कलङ्कित नबनोस्
अभिनयको रङ्गशालाको विष प्याला नबनोस्
यही अभिव्यक्ति अनायासै
तरंङ्गित छ प्रणय पथगामी
तर कठै चस्स दुःख्छ घाउ गहन मानवीय
सम्वेदनशीलतामा
प्रकृतिप्रदत चोखो सलल बग्दो पवित्र नद
प्रदूषित पारे झैं
प्रदूषित पार्दछन् पिपासुहरू
कलङ्कित प्रणय मात्र फाल्दछन्
वासना झैं

CC-0. Nepal Sanskrit Academy, Kathmandu.

अन्जनामा आँखा लगाउने थिए अनेक
फरासिली थिई कोमल भावनाले ओतप्रोत
चित्त दुखाउन्न कसैको भन्दै *नाईं*को शब्द
सकेसम्म नलिई सेवामा लहसिने भएकी
सहज साथीसंगी बनाइलिन्थी
संसार आफु जस्तै सबै हुन्नन् भन्ने विश्वासै
नलिई सहजतामा पात्र विपात्र चिन्नै नसकेकी
तिनै स्वच्छतामा खोट देखाउन र
दाग लगाउन कत्थे कथा अनेक यस्ता पनि
हल्ला फिँजाई औंला ठडचाइरहन्थे पनि
अमोघसंग भयो साथ तब अनि
स्वप्न पनि भङ्ग भयो कतिका निल्नु र
ओकल्नु सरि नै भयो
भांड्न पवित्र प्रेमलाई प्रयत्न खुब चल्यो
हिलो दल्ने प्रयासमा पहिला आफ्नै
हातलाई गन्धमा खुबसंग दली
जरा गाडिइसकेको हुन्छ जुन बिरुवा
त्यो फक्रन्छ फक्रन्छ
आँधी, वतास तीव्र वर्षाको रूपमा
प्रेमको परीक्षा हुन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर हैन प्रणय वृक्ष लहरे पिपल
वर वृक्ष पिपल नै हो भूकम्पैले पनि
गर्वका साथ ठडिएर बस्छ
झाँगिएर बढ्दै जान्छ.... बढ्दै जान्छ
पर्खाल भत्काउँछ बज्रै होस्,
चर्काएर अगाडि हाँगा फैलाउँदछ
बाधाबन्धन सब चेपेर
लक्ष्यमा पवित्र प्रणय पुग्दछ, पुग्दछ
तर..... तर..... पनि.....
प्रकृतिको प्रवृत्ति यस्तै छ
सहज हुदैन सन्मार्ग र पवित्रतामा
असहज बाङ्गाटिङ्गा बाटा बनाई
पद पदमा बाधा तेर्स्याई
धैर्य सायद जोख्दछ
साधनाको तल्लीनता हेर्दछ
सङ्घर्षको कसीमा घोटी माग्दछ
बेला कुबेला हुरी ल्याई
छिन्न भिन्न अझ त निमिट्यान्न नै
पार्ला पार्ला जस्तो हुन्छ
चल्दै सुस्तरी सुस्तरी बढदो थियो
आत्मीय प्रणय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सरर बहेको शीतल समीर सरि
झरर झरर गरेको निर्झर सरि
कल कल कल्कलाउँदो नदी सरि
यही आत्मिक, आध्यात्मिक प्रेम
सरोवरका क्षीर टिप्ने हंस जोडा झैं
मित्रताको सिंढी चढ्दै चढ्दै
आज टेक्न पुगेको छ
जीवन साथ सफरमा
वयसको यो वासन्तिक प्रहरमा
वाचा बन्धन अन्तर्मन आआफ्नै लिएर
स्वप्न अनन्त चहार्दो छ
देखिनसहने कसैको मिलाप
ईर्ष्या हो वा केले
उम्लन्छ मान्छेको जात
छिन्नभिन्नको दाउमा भिडदोछ
सरल सहज बानीकी ती अन्जनामा
ध्वाँसो पोत्न अनेक हातहरू उठदा छन्
छाडा हुन ती कति फेर्दछन् साथीहरू पनि
हप्तै पिच्छे वनभोज, महिनै पिच्छे यात्रामा
जो संग पनि टाँस्सिएरै हिड्ने
बानी कस्तो कस्तो !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छचाल्लब्याल्ल पोखिने जतातै बग्ने पानी
धेरै बनाउन्नन् यस्ताले त
छाडा यसको बानी हो
अमोघ बिचरा,
सुधो फसाइ घरलाई पाटी तुल्याउने
शुंभचिन्तक उम्रेर अनेक
अमोघका घर थर्काउँदा छन्
मित्रता अनि के के नाना नाताहरू गाँस्दा छन्
महमुखमा मौरी छैनन् ती,
बारुला रङ्ग फेर्दा छन्
चाका बोलीको बनाई
डस्न सुइरो तिखार्दा छन्
धमिरा छोप्न प्रणय
ढिस्काहरू उठाउँदा छन्
नयाँ इष्ट मित्र साथ साथ
पुराना पनि थपिंदा छन्
किन ? कष्टकर पर्खालको
यो लाभ मलामी सरिका छन् ?
सुन्दा सुन्दा अनेक कुरा
अमोघका बाबु अधीर बने
म ता बोल्न पनि बोल्दिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

त्यो कुलाङ्गारलाई चाडै नै
तेरो छोरालाई ठीक बाटामा लगा-
बम्कदै भन्दा छन्
बेला यस्तै एक दिन पाई
अवसर आमा भन्छिन आँसु चुहाई
बुझ्न सक्दिन म केही
तिम्रा बुबा के के सुनेर आउँछन्
आफन्तहरू मेरै अगाडि तिम्रा
कुन्नी के नामका केटी छन्
जात नमिल्ने त परै राखौं,
चरित्र पनि केही छैन रे
घर बनाउनु हो भनी भित्र्याउनु हो
गृहलक्ष्मी अनि
कुलक्ष्मी भित्रिएर
सुलक्ष्मी भाग्नु परेको देखेकै हौ छिमेकमा पनि
म त के जानुँ बाबु,
कुलक्ष्मी, सुलक्ष्मी केले मन मिल्यो
धान्ने जीवन तिमीसंग हो
आखिर हामी त अस्ताउदा घाम नै हौं
चिन्तित बुबा तिम्रा
चिन्तैले रिस पाली कालोनीलो छन्

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

सम्झाउनु पर्ने दिन कहिल्यै आएन
विवेक तिम्रो अति नै बलियो
चुक्यौ कि बाबु अहिले कतै ?
कहीँ बाटो अल्मलियौ ?
भर एक्लो आश मुट्ठी भने पनि चिम्टी भने पनि
तिमी नै हौ हाम्रा डाडुपन्यौ सरिका
विश्वस्त छैन चयन तिम्रोमा खोट लाग्ला
तर सुन्दा सुन्दा कम्पन भो मुटु मेरो पनि
चिन्तामा यही तर्दिन होला
भविष्यमा मरेर जादा पनि
दुर्दिन तिम्रो स्वप्नमा पनि चिताउदा यही

बिसाएका छौं पथ सुपथको
कामना बाहेक हाम्रो भर नै के छ र ?
वरत्र परत्र हाँस्दछन् खोइरो मात्र खन्दछन्
पाटा पुर्ने कोही हुंदैनन्
घाउ भर्ने कोही हुंदैनन्,
नुन चुक छर्ने मात्र हुन्छन्
एक छिन बिराउदा बाटो
नाङ्लो मात्र ठटाउंदछन्
जीवन बनेर विषाक्त
आफ्नै कामले आफैं जल्न पर्ने हुन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुनेर आमाको कुरा अमोघ
उँधो शिर पारी दृढ भै भन्दछन्
जहिले पनि यो समाजको आँखा
प्रीतमा पर्पराउछ
पाउदा नपाउदा डाहले प्रणयमा
भांजो नै हाल्दछ
काँडा उम्रने गर्दछ
विचारहरूमा घोच्न घोच्न खोज्दछ
घाउ घाउ तुल्याई रगत शून्य पार्न खोज्दछ
जुगा त खान्छ तर,
मान्छे फगत रगत बगाउन जान्दछ
पूर्ति नहुने काममा हौसिएर लाग्दछ
मिलनको शान्ति नपच्ने कोही कोही हुन्छन्
विछोडको जलन दिई सप्रेको बिगारेर
तृप्तिको आल्हादमा रमाउदछन्
अन्जना को हो चिनेको छ यो मुटु भिजेबाट
अमोघ को हो चिन्दछिन्
अन्जना पनि यस्तै तौरबाट
खेत खन्नेको हातको ठेला बुझ्ने भए
किन रिंगाउने गर्दछ कसरी घुम्ने मेच
मह दिने फूलपराग खिच्ने माहुरी नै हुन्छ

मन पन्छी CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नचिन्नेले बारुलालाई पनि माहुरी नै ठान्छ
प्रणयपथमा लाग्दछ हो आमा
बाहच्यान्तरमा प्रथमतः केही अभ्यन्तर देखिन्न
पथमा हिंड्दा हिड्दै अभ्यन्तर खुल्दछ
खुलेका छन् अभ्यन्तर होला
बाँकी अझै अरू खुल्न

यो घर, त्यो घर आत्मैको बनिगो घर
दुबै घरमा ध्वाँसो हामी पोत्दैनौं पोत्दैनौं
प्राण जाला बरु ननिको हुने काम गर्दैनौं
आफन्त नामका हुन् वा कामका
चिन्दै जाने बेला यही हो
मुकुन्डो भिरी छली डाढे
दौंतरीका जालो बुझ्ने बेला यही हो
चनाखो बन्नै पर्छ,
होस गर्न पर्ने बेला यही हो
कुरा चल्यो अब के छ र
लिइआउँला अन्जनालाई हजुरको सामु

अनुभवका पाका आँखा चिन्दछन्
बानीबेहोरा एकै नजरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वास ममा छदै छ
झुठ टिक्ने कतिबेर
सत्य आखिर एक छिन ढाक्ने
कालो बादल न हो
बल चाहिन्छ आमाको आसिक यहीं दिनु होस्
विवेक सँधै ठीक ठाउँमा रहोस् अरू थप्नु होस्
सुनी छोराका कुरा दीर्घ
निश्वास लिई चित्तै बुझाइन्
आसिक आशले हात उठाइन्

भनुँ म कसरी वेदना असहच
सुनाऊँ कसरी कसलाई
सहनै नसकिने दन्दनी बल्दछ,
पोल्दछ देखाऊँ कसरी
बाहच्यान्तरमा हाँसेको हुन्छ मान्छे
प्रतिविम्बमा जलेको आँखा सबैमा हुन्छ कसरी ?
भित्र भित्रै तडपिएर पनि
बढीनै हाँसेको हुन्छ भनिन्छ मान्छे
विरक्ति मुस्लो भित्रै गुम्स्याएर
बाहिर उन्मुक्तता देखाउँछ मान्छे
एक्लै बस्दा आफैं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुण्टो लुकाएर रोएको हुन्छ मान्छे
चिन्नै नसक्ने मान्छेलाई
चिनेको ठानेर गर्वित हुन्छ मान्छे
भोकै भोकमा खाद्यान्न टन्न खाएर
प्रेमको भोकले छटपटिएको हुन्छ मान्छे
मनको यो भोकले रात, विरात
एकनास छटपटिएको हुन्छ मान्छे
जीवन वसन्तको आँगनछेउमा
जब उभिएको हुन्छ मान्छे
यस्तै यस्तै घामपानीले भिजेर, सुकेर
खतै खतले ओढेर बसेको हुन्छ मान्छे
दिन थियो माघको बीच
अन्जना र अमोघ पुगेका थिए नगरकोट

रमणीय, शान्त, प्राकृतिक,
मनोहारी दृश्यमा
लिप्त भई भविष्य नवरङ्ग सपना बुन्दा बुन्दै
उम्रिएका काँढाहरूका बारेमा पनि
अनेक छलफल गर्दै गर्दै
एकान्त, एकछेउ ढिस्कोमा
केही खाने कुरा लिदै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्मय क्षण आफु आफुमा
आफ्नैपनमा सँगाल्दै
अचानक देखा पऱ्यो एक मान्छे र
यसरी तर्सिइन्, डराइन् अन्जना बेस्सरी
लामा लामा बेढङ्गे बढेका दाऱ्ही
पहिरन लामो मैलो न मैलो

बाङ्गो टिङ्गो लट्ठी उचाली उचाली यसरी बोलेको
प्रेम यहाँ गर्दो को छ ?
सब ढोंग भिर्दो छ
प्रेम त हिंडिसक्यो परै
बासनामात्र रहीरहेको छ
सभ्यताको नाममा
मानवीय भावना
आधुनिकताको बाढीले बगाइसक्यो
विकराल, स्वार्थी भौतिक अजिङ्गरको
तात्तातो श्वासप्रश्वासले
कञ्चन सलल बग्ने
स्नेह, प्रेमरस सब सुकाइसक्यो
वासनाको लडिबुडी खेल्ने
भावना किन्न वा बेच्न

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आएका छौ - हैन तिमीहरू पनि भन ?
छलछल अरूलाई छल्दा छल्दै
आफैंलाई पनि छल्न
ब्यापारीकरणको यावत् भेलमा बग्न
अनि पछारिन, थचारिन
अस्तव्यस्त, भ्रष्ट, त्रस्त मानवमा
दुई मानव आज अरू थपिए
प्रकृति यो लीला लिई होच्याउन
दुई काँढा अरू आज देखिए
यान्त्रिकीकरणका उत्पादनको
प्रदूषणको थप्रोमा अरू थपिए
किन आयौ यहाँ ?
यो सुरम्य प्रकृति मैलाउन
प्रेममाथि दागै दाग बिसाउन
जाओ, जाओ भाग !
ए रमितेहरू भाग !!
ए खेलौनाहरू भाग यहाँबाट भाग !
न लगाओ यहाँ दागै दाग !
रमिता गर्न त ठाउँ छन् धेरै सडकबजारमा
खेल्ने तिमीहरू,
खेल्ने आज तिमीहरू नै बन्ने छौ खेलौना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के खेल्दछौ, खेलाइरहेछ
समय तिमीलाई निरन्तर
खै के प्रेम गर्दछौ
एक आपसमा गर्दछौ प्रेम भने देओ
त्यो हातबाट यो हातमा
डरले हो वा बेहोसीले अनायासै दुबैको हातको
खाने कुरा त्यस पागलसरिका
थापेका हातमा पर्नगो
खाजा हातमा पर्नासाथ
अट्टहासका साथ लामो हाँस्यो हाँसो त्यो
हाँसोपछि एक्कासी गम्भीर भै रुन पुग्न गो
रुँदा रुँदै अचानक आफ्नो ब्यथा सुनाउँदो भो
मेरो टुटेको मनको आसिक लागोस् तिमीहरूलाई
नानी, तिमीहरू
दुबैको मनमन्दिर सधै आलोकित रहोस्
सच्चा प्रेमी रहेछौ तिमीहरू म जस्तै ! म जस्तै !!
थिएँ म पनि चरमचुलीमा प्रेमको.....
घुम्थ्यौं यही ठाउँमा,
मनको बह पोख्थ्यौं घरि घरि
उनलाई थियो यो ठाउँ जँचेको भन्दथ्यो
धरतीलाई छोडेर आकाशबाट हेरिरहेको

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्तै भएन कतिको
आँखाको कसिङ्गर हाम्रो प्रेम भएको
त्यो दिन अन्तिम भेट नै भइदियो
भएर रहनु पर्ने सब थोक
त्यो साँझ हामी यहीं नै थियौ
घेरा हालेको पत्तै भएन धुनमा भई मग्न
वैरी अरू कोही भएनन्,
बाबु र काकाहरू,
साथ गुण्डाहरू,
भकुरे होसै गुम्ने गरी
प्रहार यस्तो गरे
सायद मर्‍यो भनी छाडिगए
छुटिन् प्रेयसी मेरी त्यो दिनदेखि
एक झलक पनि देख्न पाइन मैले फेरि
धाउँदै छु वर्षौंदेखि
यहाँ सकभर आउँछु जान्छु
मनको मृगमरिचिकामा आशाका आह फाल्दछु
दन दन बलेको मनको ज्वालामा
क्षणिक शान्तिको शीतलता यहीं नै पाउँदछु
इच्छा मरिगयो काम गर्ने छैन जाँगर
पागल बनें म सबैको लागि मागिखाने निर्लज्ज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भित्र भित्रै मरिसकें,
जो जिउँदो लास हुँ म त्यो
होस सबै छ
तर जाँगर शुन्यमा
लाजै पनि पचिगो
देख्दछु यहाँ प्रणय विकृतिमा ढल्किदै गएको
स्वच्छन्दता निर्लज्जताको भिरालामा
चिप्लदै गएको
धेरैमा पाउदछु
कमै तिमीहरू जस्ता कोही कोही
नियालिरहेथें धेरैवेरदेखि बानी नै यस्तै भो
सहन सक्दिन मर्यादा नाघेर
हिंडेको गाली गर्ने बानी नै भो

आगो भित्र सल्केर
बाहिर बोली पनि अब त
जोगीको धुनी जस्तै भो
फर्कन खोज्छु, फाल्न खोज्छु
चोला यो सक्दिन मेरो लागि यही नशा भो
जाओ अबेर भै सक्यो सीमा कायम राख
सफलै सफल रहौ, सफलै सफल रहौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुनी यस्तो कथा द्रवित भई
बडो आग्रहसाथ
केही रकम हातमा राखी दुबै फर्के
अन्जनाका घरमा पनि
त्यस्ता इष्ट मित्र नपुग्ने कुरै भएन
बुबामुमालाई सम्झाउन सके पनि
तर दाजु थिए उग्र
स्वयं प्रेमविवाहका परिधिमा थिए
तर बहिनीको प्रेममा देखे भुङ्ग्रो
रूपमा आसक्त भाइ पर्ने
भाउजुको चाल कुटिल
यही स्वार्थमा
अरू उचाल्ने काम भइहाल्यो
प्रेमका भुक्तभोगी
प्रेम कै कण्टक बनी उपस्थित
रोइकराइ भोकै बसी आफूले गरेको
सत्याग्रहको दुःखकष्ट बिर्सी
दुःख दिनेमा उद्यत भई
बुबामुमालाई थाहै नदिई
सुटुक्क योजना बन्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

बिदाको दिन दुई दिन बित्न नपाउँदै
मावली दुईचार दिन
हावा फेर्न जाने वहानामा
एक दिन अगाडि अबेर रातमा
अन्जनालाई बताइयो
धुम्नमा आसक्त अन्जना एक छिन रमाई
तुरुन्तै जब अमोघ सामु आए
अनि चिन्ताले सतायो
खवर केही गर्न पाइनन्,
छल यो चालै पाइनन्
बाटाभरि चिन्तनामा हराउदा
यात्राको मज्जा नै पाइनन्
तर्कनामा दुईचार दिन त हो नि
मनमा भय टेकाउदै मावली पुगिन्
दुई दिन मै
दाजु, भाउजु अलि दिन बस, विदा छँदैछ
भनी फिरे तब छल सबै आँखामा खुल्यो
दुईचार दिन सातामा पल्टिदा
आफ्नैले छलको खाल्डामा हालेको थाह हुँदा
स्वप्नमा पनि नचिताएको घटना पर्दा
तिनी साह्रै विचलित भइन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के भन्दा होलान् अमोघ कुनै खबर नपाउँदा
रुँदा हुन् मनमा, अपार बेइमान भन्दै होलान्
विश्वास ढाँटी भन्दै कति कल्पदा हुन
आँसुको भेल छ, विवशताको पर्खाल छ
अन्जनाको विवशता यो यस्तो छ
उता साता नबित्दैमा
अमोघका मुटुमा छ हाहाकार
जमिनले निल्यो वा आकाशले उडाइलग्यो
खबर नगरी यता उता पाइला नचाल्ने
के गरी निर्मोहीले,
कुन जनको बदला लिई
चित्कार मनले गर्‍यो,
बाँधेर बाँध्नै सकिएन
मनमा उठ्छ
शङ्का, उपशङ्का उठ्छ पनि सराप
दवाइलिन्छु सराप त थामुँ कसरी यो मनको खात
निष्ठूरी तिमी हुनै सक्तिनौ
तर पनि यो के देखियो
अधैर्य भई मन बहकिन्छ
यताउति बारम्बार
सोधुँ कोसँग,

CC-0. Nepal Sanskrit Academy, Kathmandu. C

भेट्टाऊँ तिमीलाई कुन द्वार
जलिरहेछ, दन्किरहेछ यो छाती भित्र
ज्वाला असहच्य भई भतभती पोलिरहेछ
छवि हेर्दछु घरि घरि आधा रातमा
देख्दछु छवि आँशु नै भरिएको तिम्रो आँखामा
पाई सब झन् भक्कानो उर्ली उर्ली आउँदछ
एक्कासी हरायौ, मेरो भुल के भयो रे !
न केही सुईको न केही खबर अपराध के भयो
थाम्न नसकी तिम्रै दैलोसम्म पुगें
सुनसान मात्र होइन
घरको चहकै विलीन थियो
तिमी छैनौ आफ्नै घरमा
घरको रङ्गले नै देखाइदियो
वशमा आफ्नो छैन मन भड्किन्छ झन् झन्
हाहाकार हृदय निरन्तर गरिरहेछ क्रन्दन
थामिनसक्नु छ आफ्नै विडम्बना यो
जिन्दगी छ, उत्साह छैन
यन्त्रचालितसरि धिस्रिरहेछ जीवन
बिर्सने धुनमा मिसिएर आउँछ सम्झना झन्
झल्झली वहे झैं पवन
विवाह थियो साथीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्यमन्यस्क साथ लिई पाइला डोऱ्याइयो
एक्कासी अभाव तिम्रो धुनमा
देख्दा तिम्रै आकृति मुटुले ठाउँ छोडियो
हाँसी हाँसी टाढाबाट कोहीसँग
कुरामा मग्न आँखा मिच्न बाध्य पाऱ्यो
नजिक भएका एक मित्रले देखेर
कोटचाइहाले र तिमीलाई के भयो
विसन्चो एक्कासी तिमीमा
भर्खरै के भयो र यसरी चढिगयो
भएन ! भएन !! घर पुऱ्याइदिऔं
कि हामी एक्कासी कसरी निचोरियौ ?
अरू साथीहरूले
मदमा तरङ्गित हुँदै भने
सायद चीसोले छोयो
लौ पिऊ अलिकति
तातेर नीलो नीलो रङ्ग उड्ने छ
पिइदिएँ पहिले अलिकति
अलिअलि गर्दैमा मागेरै पिइयो
पिउदा पिउदै सहयात्री एउटीको
थाह नपाएको प्रेमकथा थाह पाइयो
घाउमा मलहम लगाएसरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सुनेर कथा सत्य ! सत्य !! बेदना नै हरायो
रात बितेर दिन अर्को
सुरु भएको चालै पाइएन
पिएर हराइयो
पुगियो कसरी घर
त्यति टाढाबाट हिंडेर
घरै पुगेपछि चालसम्म पाइयो
सधै ईश्वरको नाम लिने
पहिला बानी छुटेर तिम्रै
यादमा झन् कल्पेर
मृत्यु मागें विरहको साटो
नाम तिम्रो लिएर मर्ने
मरेपछि सायद सक्छु तिमी सँगसँग रहने
अन्जना तिमी..... अन्जना यस्ती.....
अन्जना उस्ती भई
विहान बिछ्यौनामै यसरी खेलें
लडिवुडी विरह जागेर
विरहवेदनाले छिया छिया भई
मुटु मेरो जल्दछ
सायद यसैमा तिम्रा हरखुसी फल्दछ, फुल्दछ
दिन यतिका बितिरहेछन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिमी विना पलपल मृत्यु भोगेर
खोजें कहाँ कहाँ सायद
तिम्रो आराममा विघ्नै परेर
ढुकढुकी यति बढ्यो, डर भयो,
मर्नु पनि तिम्रो मुहार नदेखेर
भट्किरहने हो कि निरन्तर
फेरि फेरि अगति भई
तिम्रो अघिपछि लागेर
सोचमा मनको एक कुना
यसरी बोल्यो सायद यस्तै भएर
सहनुको कठोरतम नियतिले
असाध्य भई सायद मेरो श्वास चुंडिने छ
हो, त्यसै बेला होस् खुलेर
तिमीमा चेतनको घामले
कुहिरो मनको फट्ने छ
तर त्यो बिहान यो शरीर होइन मेरो
उच्छ्वासको तरङ्ग
प्रतिविम्बित आकृति तिम्रो सामु हुनेछ
भेट्न खोज्ने छौ,
कुरा गर्न पाइएला
तिम्रो बढ्छ जति म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यतिनै पन्छिदै पन्छिदै गएको हुन्छु
विडम्बना बनेर भाग्य अघि अघि छुन
मैले नै चाहेर पनि मायाले
दूरता मेरो वाध्यतामा म हुन्छु
सायद जन्मको कथा यो
यो जन्ममा पनि दूरताकै
वाध्यतामा म सल्कन्छु
हे प्रभु कसरी भेटुँ,
कहाँ छिन् उनी,
यो व्यग्रता मेटाऊँ ?
जमिनले निल्यो
वा आकाशमा विलायो
यो मनलाई कसरी सम्झाऊँ
बिर्सन जे जे गरें सम्झनामा पो
वन्यो झरना झरझर
रात छर्लङ्ग बित्यो विहानी पखको
एक छिनको निंदमा देखियो अपूर्व
आकार ढाकिएको पुरा जिउ देखिदो छ
मात्र शिर छटपटी मुक्तिको लागि हाहाकार
उभिएर हात छाम्छु निकाल्न उनलाई
हातै छैन विवश भएर तस्वीर

मन पन्छीCC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उता केही दिनमै अधीर भई
अन्जना देखिदी
अचम्मित रूपमा ओइलाएकी
स्वप्नमा कतिचोटि छटपटाउँदै
अमोघ अमोघ भनी चिच्याउदी
मामाकी छोरी प्रभा सँगै सुत्थिन्
चाल देखेर मनमनै गुन्थिन्
एक रात मध्य अलपक
तस्वीर हेरी भक्काने छोडेर रोइरहेकी सुनिन्
अमोघ मेरा, अमोघ ? निरपराध छु म
नदेऊ मलाई सराप
भन्ठानिरहेका हौला
निष्ठूरी, पापिनी, धोकेबाज
के के सोच्दै परेर धराप
ममा पनि छ नि वाध्यता
बन्यो आफन्तकै कारण अनि
घचेटी प्रवासमा
मुर्दासरि फालिन ल्याइएँ जालै बुनी
बिछोडको वेदनामा तडपिरहेछु,
जिउँदी झैँ भएर मरिनैरहेछु
मृत्यु यो शरीरको त हो नि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेम हाम्रो मर्दैन मर्दैन
ईश्वरले जुटायो,
छुट्याउने त्यही ईश्वर पक्कै हुँदैन
जलिरहेछ मुटु त्यसै त्यसै
सम्हाल्नै नसक्ने गरी
भक्कानो वशमा झन झन छैन
न निद्रा न भोक,
रोग यसको कुनै अरू औषध छैन
खाई विष झुण्डिई जिन्दगी उतै बरु पर्खेर बसुँ
लाग्दछ यस्तै यस्तै तर आशा मिलन
ज्योति बल्दछ पिलपिल धमिलै भए पनि
न यता न उताको उफ !
छटपटीको जीवन बितिरहेछ
लाग्दछ उडेर, तोडेर बन्धन
कस्सिई बेरूँ प्रियतम अहिल्यै
अन्जना बाँचेर पनि
मरेतुल्य आफुलाई ठान्दछे
वहन्छ रगत
उही आफन्त भनाउँदो तगारो बन्दछ किन ?
वैरीले नगर्ने छलकपटले
जीवन खाडलमा फस्दछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्वीर बोल्दैन
तर आँखा तिम्रो बोल्दैछ
तस्वीर नै भए पनि
आँखा विवशताले भरिदो छ
बोलेर आँखा आशाको उज्यालो
रेखाले मलाई छुन्छ
चसक्क छोएर त्याग गर्ने
देहको बाटो भाकाले छोप्दछ
बह पोखुँ कोसँग ?
दुई दिन नदेख्दा कल्पिने मन !
दिन यतिका बित्दा
खाक भएर खरानीसरि उड्न बाँकी छ
सुन्दा सुन्दा सहच भएन प्रभालाई
झर झर आँखाबाट आँशु झर्दछ
चुपचाप रोई, वेदना आफैभित्र भरी
अठोट एउटै मुठ्ठी कसेर गर्न उद्यत भइन्
निद्रा त भाग्यो प्रभाको पनि
बिहान टाढाको
सायद पर्खेर बसिरहिन्
कर्मको गीत गाई
आफ्नै धुनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शन्देस बिहानीको
जब गीतमा उनिदिइन्
कर्म दैनिकी सकिवरि राखिन्
प्रभाले प्रस्ताव पहिलो पटक
घुम्न जाऊँ दिदी ? मन्दिर
मन भयो आज अशान्त
वारम्वार करकापमा परी
जान्न कतै भन्दा भन्दै वल्ल उनले मानिन्
यन्त्रचालित जस्तै भई प्रभासंग घुम्दै गइन
मन्त्र फुके झैं मौका पाई मुख फोई
वेलीविस्तार रहस्य अन्तरको
आफुलाई भिजाएको बताइन
दिदी एक्लै विरहमा पिल्सिदा
सन्तुलन विग्रेन छ,
हेक्का कसोरी भएन ?
फोइदिंदा हलुगो हुन्छ
बाँडनु पर्छ भित्रको खोलेर
विश्वासको छेस्को एउटा रोज्नु नै भएन
बहिनी यो निर्गुणी, निर्मोही,
अबुझ के के ठानेर
एक्लै हररात पिल्सिएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रोके जस्तो हुन गयो
नरोकेर पनि एउटै ओछ्यानमा
भिजाई आँशु चिस्यानले छुदैन,
भयो - यो के ठान्नु भयो
प्रेमव्यथामा *अ* पनि जान्दिनथें
चलचित्र र उपन्यास, कथामा
अलि अलि जो पढियो
तर जे देखियो प्रेमको पहिरो
दिदी ! तिम्रै हररातको क्रन्दनबाट
नहोस् प्रेम यस्तो कसैसँग -
यो मनले पक्कै भनियो
दिदी छइनन् पहिलेकी जस्ती
फरक फरक गुन्दा गुन्दै
मध्यारातमा छटपटी जो देखियो
रूपमा, व्यवहारमा
जुन खाडल मन्थन भई रहेथ्यो
परिणाममा तथ्यसत्य फेला पारियो
दिनदिन झर्दै गएको
चहक त्यो मुहारको,
झोक्राइ चाहनाको
मुर्दास्वरूप देख्दा अचम्मै परियो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रीतिको मर्म भोग्नु रहेछ
यस्तै यस्तै कर्म भगवानसँग
माग्छु पनि नबसोस् प्रीति कसैसँग
उनै दाज्यै, भाउजुका लागि
भोकै बसेर अनशनसरि
ढिपी लिएको चाल चलेछन्
उनैले कस्तो वेढङ्ग गरी
बुझ्दैछु आज
आफन्त हुनु आफुलाई पर्दा
सहज देवीदेवता गुणको बदलामा मानवता मुर्दा
आफुलाई स्वच्छन्द समताका पुजारी ठान्ने पुरुष
आइपर्दा हुन्छ आफन्तकै दुःख
नारी त झन् भावनाकी खानी
खोइरो खन्ने जातिकै शुर्पणखास्वरूप
बुझ्दैछु आज संसार
गुणको वैरी मानुष जाति लेखेथे कसरी
लेख्नेले रहेछ अनुभवै गरी
सफलताको आफ्नो मदका
असफलता खोजिपस्दो रहेछ
आफूभन्दा परको परिधिमा यस्तै गरी
भावनामा खाडल खन्दा रहेछन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावुकहरू नै भावनालाई लत्याई
पत्थरसरी नै भई
भनिन्छ सत्य यो मन्दिरमा काग बस्दैन
भीमसेनको श्राप परेको छ रे हेर्नुछ
श्राप मन मारेको भाकै हुन्छ रे
सन्देश दिने काग छैन
यहाँ तर धरको विश्वास भएन
सत्य ! सत्य !! मित्र आफन्त भन्दा
अहिले काम लाग्ने छ रे
मेरो मित्र अन्तरङ्गको छ
पर्दा मर्दा बाँचे वहनु नै पर्दैन,
ऊ मेरो लागि सब थोक गर्दछ
उसकहाँ के दिदी फोन छ ?
होला नै भनेर असहच्य भई
देवमन्दिरको नाममा लिएर आ'को
खुल्दैनन् कुरा डर नमानी
भर पर्नु बहिनीको दिदी ?
समयको फेरोले उचाल्यो
मलाई यसैले फेरो यो लगाएको
प्रभाको स्नेहालु शब्दले सेताम्य पवित्र
हिमनदको एकै छिन भुए पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विह्वलतासित सिन्धु ग्रीष्ममा पनि ओइरियो
अङ्गमाल गरी बेस्सरी भिजाई अश्रुबिन्दूले
बहिनी प्रभामा श्रद्धाका अन्जुली छ रे !
अहा ! कठै !! छैन शब्दमा पनि ओज, मुर्दासरि
सम्बोधन, मनै मर्दछ
निराश, निराशता, शून्यता
अहो त्यो ओजपूर्ण बोली कहाँ बिलायो ?
शब्दसंग शब्द जुध्यो
जब त्यहाँ बिजुली चम्किको
चिनेर शब्द निष्प्राण मुर्दामा
मानो प्राणसञ्चार भएछ
सत्य हो तिमी अन्जना नै बोल्दैछौ,
सपना त म देखिरहेको छैन ?
छल कतै तिमी भनेर छलेर मृगमरिचिकामा
फसाइरहेको छ मलाई छैन ??
किन निर्मोही भएर अलपियौ तिमी ?
मृत्यु त मेरो तिमीले चाहेकै होइनौ
उद्वेगको प्रहारले आहत अन्जनाले
बोली फर्काउनै सकिनन्
रुदन फुट्यो, वशमै परिन्
तब हस्तक्षेप गरिन् प्रभाले लुछेर फोनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिन्नु हुन्न भिनाज्यू म बहिनी हुँ
अन्जनाको मामाको छोरी
खेपेर विछोडको अवसर हाडछाला मात्र छिन्
यही भावावेशभन्दा बढी सम्हाल्नु
आफ्नी प्रेयसीलाई
संजोग बडो कठिनले जुरेको छ
सम्हाल्नोस् सम्हाल्नोस् ढल्लै लागेकी छन्
दिदी टेको नपाई
उता सम्हालिएर अमोघ उत्नीखेरै क्षमा गर प्रभा !
धन्य, चिन्दिन मुहारले तर सतत वन्दन,
अभिनन्दन प्रभा ! तिमीलाई
शब्द सुनुँ मुहार नदेखेको यतिका दिन पछि
म पनि बहकिएँ स्वार्थ पस्यो
गाउन थालें दुःखदेखि तर्सिई
भिजे शब्द तार तारबाट,
फुके बहूं पानी पानी भई
खालि खालि ठाउँमा स्पष्ट घटना
वाध्यताका सेतुले भ्रम टुटित अझ आश जगाई
आँशु कति झरे, कालो बादल फाटियो
कति त्यो त अलि धेरै संग्लिएकै हुनु पर्दछ
शब्द शब्दको गुम्सिदो तरलता बहदा बहदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यतादेखि उतासम्म भिजेकै हुनु पर्दछ
गर्मीले तातिएको बेला बर्षाको झर झरमा
शीतलता त्यहाँ छाएकै हुनु पर्दछ
विराग रागमा झुलुक्क इन्द्रेणी बादल कालो
एक छेउ पाएर घामले
सप्तरङ्गी चिन्ह एकै हुनु पर्दछ
ढुकढुकी एक अर्काको यो क्षण बढ्दा बढदै
अहिले अलिकति घटेको हुनु पर्दछ
वेदना विरहको स्वर गुन्जिदा गुन्जिदै
शीतलताको छायाको छहारी पसेकै हुनु पर्दछ
फोहर आआफ्ना बाध्यताका कुरा
सायद मन चङ्गा भएकै हुनु पर्दछ
मुहारमा वेदना त अझै छ
तर बादल पन्छिन पन्छिन
लागेको जस्तो देखिदो छ
देखेर परिर्वतनका धार देख्ने
दुबै सहपाठी त्यहीं लिंदा दीर्घ निश्वास
प्रीतिको दोहरो धारमा नुहाउने चाहना
हर एकमा हुन्छ
एक धार नै पखालिएर
मन अनगिन्ती यहाँ चोइटिन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रीतिको सागरमा तैरिन पुगेका
कति त थाकेरै यहीं दुबैका हुन्छन्
निर्जीव झैं श्वास फालेर
यसैमा तर्लङ्ग यताउति तैरिरहेको हुन्छ ।
समाज ह्वेल झैं दुई धारमा नुहाएकालाई पनि
उफारेर डुवाउन खोज्दछ
समाधि प्रेम साँचो दिलाएर
सुखसागरमा रमाउने यहाँ मान्छे के बन्दछ ?
यस्तै कथा र व्यथामा उनीएर तरङ्ग निरन्तर
इतिहासमा बन्दै हराउदै गरेको हुन्छ
जल्दछ मुटु मिलनको क्षण सम्झेर
नहुनु मामा भन्दा कानो निको बनेको छ
दूरभाषकै आडमा डुब्न लागेकोलाई
त्यान्द्रो बनेर दिनहरू बिति रहेछन्
परीक्षाको घडी अझै बाँकी छ
कि सायद प्रेममा
परीक्षाको वारम्वार किन चल्दछ
लाग्दैन क्या विषाद !
जान्दा जान्दै अमोघ, अन्जनाको
प्रेमलहरो चुडाल्न
धारिलो बन्दछ

CC-0. Nepal Academy. Kathmandu Collection

किन द्वेषको धार यता उता कताकताबाट
प्रभावशाली पहुँचका सेवी बनी
नाम कहलिएकी छोरी *शिखा*
कुनै बेला विद्यालयमा अमोघसंग क्रीडानाटक
उन्मुक्तताको नाममा उत्ताउली भई
बानीमा पानीको ओभानो
बानी सुधार्न खोज्दा
त्यही बेला परेको अमोघसँग झगडा
अमोघको नाममा
त्यही बेला कुभावना अनेक चली
आज बिहेको प्रस्ताव
तिनै अमोघको घरमा पुगेको छ
बाल्यकालदेखिको प्रेम हो रे ! बिहे गर्न नपाए
आत्महत्या गर्छिन् रे !
अमोघले त ठाडै अस्वीकार गरे
तर आमाको छ भनाइ
हत्ये हालेपछि पाप लाग्छ
बाबु त दङ्ग परे
प्रभावशाली पहुचवाला
घरको सम्बन्धले केही हुन्छ भन्ने ठानी
अमोघ भित्र भित्र पिल्सिएका त छदै थिए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षड्यन्त्रको जालो आइलाग्यो भनी सोच्दै गए
कुरा फैलाई आफै हिंडदै गर्न थालियो
अमोघसँग विहे मेरो पक्का भयो भन्दै
अन्जनाको घरमा पनि
आफैं कुरा पुऱ्याई, षड्यन्त्रको सुइको दिएको
अमोघले पहिल्यै
तर पनि दाजुले
अन्जनालाई पत्रमा मसला भरे रै छाडे
दवाव बढ्दै गयो
अमोघको घरबाट पनि
निरन्तर आँशु वग्दथ्यो
रिसले अमोघको धरधर
जीवन बन्छ विहे गर्नै पर्छ शिखासँग
भावनाले हैन
जीवन बन्ने आदि अर्ती बढ्दै थिए
रङ्गरोगनहरू पनि पोतिए घरमा
यसै बेला एक मान्छे आई
पोको एक दिएर गयो
ठूलो बन्द खाममा
लामो पत्रसाथ चक्का एउटा
अनि दशबाऱ्हवटा थिए तस्वीर पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्वीर हेर्दैमा छक्क परे सब
फिलिमी कलाकार झैं
उत्तेजक ढङ्गमा थिई शिखा कुनै युवकसँग
हे दैव ? यो के जालो थापिएको
भन्दै थिए अमोघ
आखिर सबै देखियो
ढिलै भए पनि आकाश छ्याङ्ग खोलियो

हुन्न ! हुन्न !!
ज्यानै गए पनि यस्तीलाई बुहारी तुल्याई
यो घरभित्र हुल्न दिन्न
स्वभाव अनुसार तस्वीर देख्दैमा
आमा चिच्याइन्
चुप लाग्, बढ्ता नकरा
तस्वीर हिजो आज
नक्कली पनि बनाउन सकिन्छ
ढल्केको मनलाई बलियो पार्दै
पत्र पढ्दै थिए अमोघका बाबु
मुख अँध्यारो पार्दै
पत्र एकतिर फाली चक्का चढाउदा क्यासेटमा
टी.भी.सचित्र देखा पऱ्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

.....त्यो अमोघले के ठानेको मलाई
बडो आदर्शवान् बन्दो छ
जुन मसँग स्पर्धा गर्ने
अन्जना उसैसँग लाउने माया झन्
न बन्न दिन्छु अन्जनालाई अमोघको न
बनाउँछु उसलाई आफ्नो

पत्र पत्रमा धोका दिंदै जानेछु
अपमानको बदला लिएरै छाड्छु
बिहेको प्रस्ताव त एउटा पाइला हो
अमोघ र अन्जनाका बीच खन्ने खाडल
आगोको छेस्का,
जलाउन इन्धन फैलाई जीवन जलाउनु हो
लिएर बियरका गिलास र चुरोट हातमा
पाँचछ जनाको बीच हाँस्दै शिखा बोल्दै थिई
....मिलन हुन नदिनु, सुख सबै सोस्नु -
लक्ष्य योजनामा आनन्दी बन्न हो

....पाप नलाग्ला तिमीलाई डर छैन अरूलाई
जलाउन खोज्दा आफैं जल्ने ?
जली त रहेकै छु त्यही दिनदेखि
जब मेरो भावनामा चडकन पर्‍यो
खातै खातमा यो मनभित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालो कालो प्रतिशोधको कोइला दन्क्यो
मेरा बुबामुमाले भन्न नसक़ेको
सबैको सामु भनेर मेरो स्वाभिमान घाइते बनाई
अनि विपिनलाई फाल्तु जोकर बनाउने...
पेट भित्रको
हो अङ्कुर पलाएको छ विपिनकै यो पेटभित्र
अर्को चाल यही हो,
हुनेछ विवाहपूर्व यो अमोघकै अङ्कुर
प्रेम र युद्धमा सब हुन्छ
जायज कथा उन्नेछु विचित्र
मात्र लक्ष्य प्रतिशोध पूरा गर्नु ध्येय नै मात्र एक
साँढेको जुधाइमा बाच्छो त मिचिइन्छ नै
सोझा बिचरा विपिन
लामो हाँसो गुन्जियो
अभिनय शिखाको ढङ्गको देखेर
एकै सासमा गिलास खालि भयो
बुङ्ग धुवांको मुस्लो फैलियो
दृश्य हट्यो, आवाज गुन्जियो
शिकारको घायल म एक हुँ
मेटियुँला बरु निर्दोषलाई
दोषी तुल्याएको हेरिरहन सक्तिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भुलमाथि भुल गर्दै छन्,
पुल्पुल्याइयो पहिरन हट्दै हटेन

प्रीत अन्धो हुन्छ
त्यो बगालमा म अझै नशामा छु
अहिलेलाई नामसम्म पनि खोल्न सक्तिन
कल्याण चाहने यतिमात्र भन्दछु
बेला त्यस्तै परिआए सामु पनि आउने साहस छ
कातर छैन वाचा यो भो
अमोघ शिकार हुँदै छन्
ईर्ष्याडाहले जलाउन खोज्दैछन्
अहिले निर्दोषलाई पनि
ओहो !
देखेको घटनाले पनि
झन् भ्रम गाँज्दो रहेछ
पहेँलिएका सबै सबै सुनैं हुन् भनी
मान्छे पित्तल बिर्सदा रहेछन्
घरमा सल्किनुभन्दा अघि
बच्न गयो, बचाउने देउतै रहेछन्
चक्का, पत्रचित्रले सब अवाक्
एक दिनपछि सब भन्दा छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Digitized by eGangotri

गई पोखरा कता कता हेर चित्र यी
बोल्दा छन्
तिम्रो जिन्दगी हो रोजाइ, तिम्रै भयो बाबु
जीत तिम्रै भयो
अब बन्द पाना यो कथाको
जे भए पनि सत्य आखिर उघ्रियो
कुन सपना बुन्दछन् मान्छे
यथार्थको कुन जालोमा फस्दछ
कुमालेको चक्का हो जीवन
मान्छे वारम्वार घोक्दै पनि विर्सन्छ
जे बोक्दछ मान्छेले जीवनमा
त्यसैलाई बिसाउनु पर्छ, भुल्दछ
विष पिलाउनेलाई समयले मात्र
एक चक्का घुमाएर विषै पिलाइदिन्छ
कर्मको फल नकार्ने मान्छे
त्यही फलको रस नीरसतामा मर्दछ
मर्नु पनि ढङ्गढङ्गको हुन्छ,
मृत्यु बाँच्तैमा दशपल्ट बोक्ने किन गर्दछ
विविध रङ्गको यो संसार
मात्र शिखाहरूका दिन किन लम्बिने गर्दछन्
शिखै शिखाहरू देखिन्छन् छ्यास्छ्यास्ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र त्यस चहकभित्र अन्जनाहरू हराउछन्
तिनका शक्तिहरूको हुण्डरीले
अन्जनाहरू पनि बेला बेलामा सँगै उड्ने
शक्ति अनौठो लिएर बसेका हुन्छन्
त्यो शक्ति किन, केको लागि प्रकृति प्रदान गर्दछ ?
अनन्य रहस्यका कथाहरू बोक्ने
प्रवृत्तिको रहस्य खेलदेखि हराउने गर्दछ
ज्यादा दुःख खेपेर अन्जनाहरू
पल पल दुःखै दुःखले पिल्सिएको देखिरहिन्छ
बिदा सकिने दिन नजिक नजिक आउँदै गयो
एउटा तार पुग्यो
अचानक शिखा र अमोघको बिहे भयो
शब्द यतिमात्र लेखिएको थियो
पढ्दा पढ्दै अन्जना आँगनमै लडिन्
त्यही दिनदेखि क्षण क्षण बेहोसिने हुँदै
शरीर पनि सुक्दै सुक्दै जाने भई
उपचार चले अनेक
अनेक उपचारक पनि अचम्मित भई
सहनै सकिनन् प्रभाले
अमोघलाई हाल सब बताउदा
जटिल परिस्थितिदेखि

CC-0. Nepal Sanskrit University, Kathmandu Collection

तथ्यसत्य आफ्ना बुबामुमा
अनि घरका सबैलाई यथार्थ खोलियो
आघात अचानक
त्यो छलपूर्ण तारकै करामत हो
यथार्थबाट जीवन मिल्छ
नत्र भने अन्जना दिदी पक्कै यहीं नै मर्छिन्
लाश जल्छ
मामा माइजु सब परिवारसाथ
लिएर अन्जनालाई गृह नगर तर्फ लागे
त्यहाँ पुग्दा पनि घर पुग्याइएन
उनलाई उपचार गृहमै लगे
प्रभाको मद्दतले अमोघसँग तुरुन्तै
सम्पर्क गरी त्यहीं बोलाएपछि
महिनौं पश्चात् दुई आत्मको
मिलन नै भयो अपूर्वसँग
अमोघ पुग्दा अन्जना बेहोसै थिइन्
बिउझेर होसमा जब उनी आइन्
को को छ सामु होसै भएन बगे निरन्तर आँशु
चारै आँखा झर झर
मुठ्ठी कस्सिए बलै गरी
सायद स्वप्न ठानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बेस्सरी आँखा बन्द पनि भए
खोलेर आँखा फेरि जुधे रोक्न सकिएन
त्यहीं चार हात उठे अङ्गमालमा बेस्सरी बाँधिए
तबमात्र ओठ फर्फराएर
मुस्कान मिलनका लहराए
मृत्युलाई निमन्त्रण दिएका रहेछन्
आफन्तले नै
आफ्नै रगत नबुझ्ने
आफुलाई धिक्कार छ
ईश्वरले जुराएको जोडी रहेछ,
छुट्याउनु पापै रहेछ
बहेको स्वच्छन्द नदी
बाँध बाँधेर छेके जस्तो पो भयो
आज फुटेरै उर्लदो भेल हेर !
धन्य ध्वंसबाट बचेको हेर !
पाप भयो मबाट क्षमा गर बहिनी ?
दाजु नालायकलाई क्षमा गरिहेर
गर्दा गर्दा झुटो तारसम्म पठाई
यमदूतसरि आफ्नै कुविचार भो
लालचवस आफ्नै मात्र सोच्ने
व्यभिचारले नीच कर्म भो

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection.

क्षमाको योग्य न हुँदा पनि
क्षमा गर्दिन्छ्यौ भने तिम्रो
महानता यति नै भो
भनी पाउ समात्दा आँखा खोलिए
दाजु, आमा सब देख्दा
बेरिएको अँगालो लाजले त्यक्त भो
विषादका घासहरू
अरू पनि त्यहाँ पखालिन सामु आए
विपिनशिखा पनि पुगे
त्यही क्षणमा पाउनै परि अन्जनाका
क्षमा माग्न थालिन् शिखा
क्षमा गर अन्जना लालनपालनले
पनि घमण्डी बनायो
दोषै दोष थुपारें बाँच्नको नाममा
यात्राहरूमा सुम्पदै आफुलाई
फेरि फेरि जिन्दगीको नाममा मरें
खेलौना बनाउछु भन्दै
आफैं खेलौना बनी उभिएँ
धुलोको पर्खालमा
विपिन जस्ता पवित्र आत्मालाई पनि दुत्कारें
सम्झाउदा बाधा ठानें

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पवित्र माया बाधा हालेर धाँजाको स्वप्न सकारें
क्षमायोग्य छैन म तैपनि
क्षमा माग्छु भन्दै पाप पखाल्न आँशु झारिन्
कमजोर, थर थर काम्दो शब्दले
अन्जनाले शिखाको हात समाइन्
दिदी ! तपाईंभन्दा उमेरमा सानै छु
भूल हैन त्यो ईर्ष्या मात्र हो रे !
स्वभाविक त मान्छे ईश्वर होइन,
देवताका राजा इन्द्र पनि
इन्द्रियकै कारण ईर्ष्यालै
कैयौं तप हर्छन् र श्राप पाई
आफ्नै आसनबाट पटक पटक
भागी रहन्छन् रे ?
कुभावनाको बिष त
झरिसक्नु पर्थ्यो विपिनकै सँगले
तर विपिनको कुरालाई
तिम्रो दम्भ, मिथ्यालाई सत्य पोल्यो
त्यही सत्य ढिलै भए पनि पुग्यौ
नगिच पुगी समयको बलले
अमोघले सबै भनेका थिए
तर आखिर म पनि ढलें

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

विश्वास ढलमलिनाले
समयचक्रको चालमा छौं हामी
लाग्दैन बल त्यो
चक्र सामु त्यो घुमिरहन्छ वेगले
फेरो हो समयचक्रकै चलिरहन्छ
निरन्तर उसले खराब काम गराई
सन्तुलन विग्रियो, बढ्यो असन्तुलन
अधैर्यले हुत्याइदियो अन्धकार र खराबतर्फ
भाग्य त्यही हो
समयचक्र, वेगपरिधि नजान्दा
परीक्षै परीक्षामा वारम्वार फसाउछ मान्छेलाई
यातना, ताडना दिई
विद्रोही, खलनायक आदि, इत्यादि
पात्र तुल्याई घुमाइरहन्छ
आखिर नदीको प्रवाह बग्नु हो,
निरन्तर यो बहनुमा
त्यसको स्वच्छतामा फाल्ने
मैलाउने काम त गर्दछौं
फेरि एक नदी अर्को नदीसँग
मिसिइदा बढने महत्व हो
पवित्रता तीर्थ नै बनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

प्रणयगङ्गा पनि यसरी नै बहन्छ
सागर मन्जिलमा पुगी
लहर तरङ्गमा छचल्किन्छ
उज्यालो जुन
पूर्ण चन्द्रको बेलामा उर्लेर उर्लेर
उमङ्गमा आकाश छुन छुन खोज्दछ
फेरि सागरबाट ग्रीष्म वाफ बनी
प्रेमरस माटोको कण कण
भर्न वारिद भई प्रणयरस छर्कन फेरि फर्कन्छ
यही नै हो
जीवनचक्र प्रकृतिको अनुपम बानीबाट
सञ्चालित प्रेम अमर, अजर भई रहिरहन्छ
चलायमान छौं हामी
डाह, ईर्ष्या सायद हो परिणति
मेघ चम्किलो चटचाङ्ग यन्त्र
यही यन्त्र अदृश्य नहुदो हो त
मानिसका पोल्टामा पर्दछ जति वसन्त
बाग मनोहरै हुनु पर्दथ्यो सबका सब
माली विना जीवन रङ्गीन
तर हुँदैनन् सबै भाग्यमानी
दोहोरो प्रणयरसको आई वासना लिनु पर्दछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो पनि जानी
विरलै भाग्यमा जुट्छ किन यो संशोधन
एकसँग हुन्छ प्रेम, एकहोरो कतै
गरेर हैन थाहै नपाई खिचिलिन्छ सबै
भन्नै नसकेर वा कसै कसैको भनेर पनि
सबै खेरै गएर
उजाडिन्छ जीवन, बिथोलिन्छ यौवन
उमेर, जात नहेर्ने प्रणय शुद्ध, पवित्र तोडिन्छ पनि
सबथोक मिलेर ..... नमिलेर पनि
दरिलै बन्दछ कतिको यो भिन्न भिन्न ढङ्गले
चुक चुकाएर हुन्न, छक्याएर छकिन्न
सायद धेरै थोरै ईश्वरले नै
वा प्रकृतिको शक्तिले
पनि पहिल्यै जोडी मिलाई
पठाएको पनि हुन सक्छ
यसैको चिन्तनमा लीला के हो
कसरी हो सोच्दा सोच्दै
चिम्ली आँखा ध्यान गर्दछु,
शून्यता छ तै पनि रमाई टाउको हल्लाउदछु
जसरी यहाँ अहिले यो उपचारगृहमा
चिम्लिएर चार आँखा बहेका छन्
यता उताबाट वातावरणमा उनिएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सबैलाई भिजाएर, सबैलाई सजाएर
तीतो, मीठो, टर्रो, पीरो के के छ प्रेमरस
चक्र, कठिन, सरल यादमा
के के बनेको छ प्रेमपथ
सायद सम्पूर्णताको मिलनको
माल पहिरिएको छ
सायद असम्पूर्णताको भए पनि
जयमाला अर्पिन्छ

तर सत्य सत्य यही नै लाग्दै छ
स्वर्ग होस् वा नहोस् केही थाह छैन
तर स्वर्गीय आनन्द अन्त कतै छैन, छैन
प्रेमानन्दभन्दा अरू
स्वर्गानन्द अन्त कतै छैन, छैन
जन्म जन्मान्तरका साथ
प्रेम सबको साँचो बाँचिरहोस्
जन्म प्रत्येक जन्ममा प्रेमी
सब सब पथसँग हिडिनै रहोस्
प्रेममय वारिद घृणाका
पसिनामा पनि प्रेमरस वर्षाइरहोस् ..... ।

❋

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्य प्रयत्नहरु

- जीवन एक परिधि
- मनमा हजूर नै (गीति क्यासेट सि.डि.)
- उषा (गीति क्यासेट सि.डि.)
- समयको कार्डियोग्राम
- माटोको कार्डियोग्राम (प्रकाशोन्मुख)
- ईयानुगः चु (नेपालभाषा, प्रकाशोन्मुख)
- जीवन पलपलको नेपाली-उर्दू (प्रकाशोन्मुख)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection